सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १७२ ♦ २०८० साल चैत्र १ गते विहिवार ♦ 14 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## प्रधानमन्त्री प्रचण्डले पाए तेस्रोपटक विश्वासको मत




**खबर दर्पण समाचारदाता**
**फागुन ३० गते, बर्दिवास**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले विश्वासको मत पाएका छन् ।

प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने प्रयोजनसहित बुधबार बसेको प्रतिनिधिसभा बैठकमा ‘विश्वासको मत पाउँ’ भन्ने प्रस्ताव पेश गरेका थिए ।

उक्त प्रस्तावको पक्षमा १५७ जना सांसदहरूले समर्थन जनाएसँगै उनले विश्वासको मत पाएका हुन् । प्रस्तावको विपक्षमा ११० जना सांसदहरू उभिए । यस्तै १ सांसद तटस्थ रहे । वुधवारको बैठकमा २६८ जना सांसदहरूको उपस्थिति रहेको थियो ।

प्रधानमन्त्री प्रचण्डले पाएको यो तेस्रो विश्वासको मत हो । यसअघि उनले २०७९ पुस २६ गते पहिलोपटक र २०७९ चैत ६ गते दोस्रोपटक विश्वासको मत लिएका थिए ।

२०७९ पुस १० गते एमालेकै प्रमुख समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले दुई महिना पुग्दानपुग्दै सत्ता गठबन्धन कांग्रेसमा सारेका थिए । अहिले पुन: सत्ता गठबन्धन एमालेको नेतृत्वमा बनेको छ ।

## मधेस सरकारबाट कांग्रेसका मन्त्रीलाई राजीनामा गराउने तयारी

**खबर दर्पण समाचारदाता**
**फागुन ३० गते, महेन्द्रनगर**

बुधबार काठमाडौंबाट फर्केका मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाली कांग्रेसका मन्त्रीलाई राजीनामा गराउने तयारी गरेका छन् ।

बिहीबार एमालेसँग सरकारमा सहभागिताबारे छलफल गर्ने र नवनियुक्त प्रदेश प्रमुख सुमित्रा सुवेदी आएपछि मन्त्रिपरिषद पुनर्गठन गर्ने उनले बताए ।

‘भोलि एमालेसित छलफल गर्छु । नवनियुक्त प्रदेश प्रमुख आउनुभएको छैन, आएलगत्तै सरकार पुनर्गठन गर्छौं’ मुख्यमन्त्री यादवले भने ।

मुख्यमन्त्री यादवले कांग्रेस मन्त्रीलाई बर्खास्त नगरी आफैं राजीनामा दिन लगाउने तयारी गरेका छन् । स्रोतका अनुसार केन्द्रमा सत्ता गठबन्धनमा नरहेका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई भने मधेश सरकारमा यथावत राख्ने मुख्यमन्त्री यादवको तयारी छ ।

१४ सदस्यीय मन्त्रिपरिषदमा जसपाका मुख्यमन्त्री बाहेक तीन मन्त्री र एक राज्यमन्त्री छन् । कांग्रेसका तीन, माओवादी केन्द्रका एक मन्त्री र एक राज्य मन्त्री, लोसपा र नेकपा एकीकृत समाजवादीको एक-एक मन्त्री

*बाँकी पृष्ठ २ मा*

## पोखरीमा डुबेर एक बालिकाको मृत्यु

**खबर दर्पण समाचारदाता**
**फागुन ३० गते, बर्दिवास**

जलेश्वर नगरपालिका-३ मलिवारामा बुधवार दिउँसो पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय मङ्गल पाण्डेकी छोरी दुई वर्षीया रुचि पाण्डे रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताए।

आफ्नै घर अगाडि खेल्दै गरेकी बालिका घरभन्दा ५० मिटरको दूरीमा रहेको बरका पोखरीमा नुहाउन पुगेको र सोही पोखरीमा उनको डुबेर मृत्यु भएको प्रहरीको भनाइ छ ।

मृतक बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक गिरीले बताए।

## दिलीप महतोलाई पर्यावरण शहीद घोषणा गर्न माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र

**खबर दर्पण समाचारदाता**
**फागुन ३० गते, बर्दिवास**

क्रसर व्यवसायीबाट मारिएका युवक दिलीप महतोलाई पर्यावरण शहीद घोषणा गर्नुपर्ने माग गर्दै उनको परिवारले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाएको छ ।

बुधबार साँझ गृह मन्त्रालयमा लामिछानेलाई भेटेर परिवारका सदस्यहरुले ६ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका हुन् ।

*बाँकी पृष्ठ २ मा*



**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

# शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**


- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

**सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२**

## मधेस सरकारबाट कांग्रेसका ....

छन् ।
९ माघमा जनमतले छाडेको दुई मन्त्रालय पनि मुख्यमन्त्री यादवसँगै छ ।
अब एमालेलाई कांग्रेसको भागमा रहेको तीन मन्त्रालय दिने र जनमतले छाडेको दुईमध्ये एक मन्त्रालय माओवादी केन्द्रलाई थप्ने मुख्यमन्त्रीको तयारी रहेको उनीनिकट स्रोतको दावी छ ।
१०७ सदस्य मधेश प्रदेशसभामा सबभन्दा ठूलो दल रहेको एमाले सभामुखसहित २४, जसपाका १९, माओवादी केन्द्रका ९ र एकीकृत समाजवादीको ७ सिट छ। सरकारको बहुमतका लागि ५४ आवश्यक पर्छ। तर सत्ता गठबन्धन दलसँग आवश्यक बहुमत छ ।

## दिलीप महतोलाई...

उनीहरुले शहीद घोषणाको मागसँगै पुन: अनुसन्धानको पनि माग गरेका छन् ।
घटनाका मुख्य योजनाकारहरु अझै कारबाहीको दायरामा नआएकाले उच्चस्तरीय छानबिन समिति गठन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्ने, दिलिपको हत्या भएको क्रसर सहित देशभरका अवैधानिक क्रसर उद्योग बन्द गराउनुपर्ने उनीहरुको माग छ ।
यस्तै चुरे क्षेत्र संरक्षणका लागि तत्काल चुरे संरक्षण ऐन बनाउन, दिलीपको परिवारलाई राहत र कम्तीमा परिवारका एक सदस्यलाई रोजगारी दिनुपर्ने उनीहरुको माग छ ।
ज्ञापनपत्र बुझ्दै उपप्रधानमन्त्री लामिछानेले मागहरुप्रति आफू सकारात्मक रहेको जवाफ दिएको दिलीपकी बहिनी लक्ष्मीकुमारी महतोले बताइन्। ज्ञापनपत्र बुझाउन दिलीपका ८८ वर्षीय हजुर बुबा रामपृत महतो कोइरी, बुबा रामजीवन महतो, आमा चन्द्रकला देवी, दिदीबहिनीहरु संगीता, लक्ष्मी, सिर्जना, भाइ ख्वाइस र भाञ्जा शुभम गृह मन्त्रालय पुगेका थिए ।
घर नजिकको औरही खोलामा अवैध उत्खननको विरोध गर्दा धनुषाको मिथिला नगरपालिका-५ का दिलिप महतोको ५ पुस २०७६ मा टिपरले किचेर हत्या गरिएको थियो ।
यो मुद्दामा जिल्ला अदालत धनुषाले आरोपित ७ जनामध्ये ३ जनालाई दोषी ठहर गरेको छ । सरकारी वकिलले दिएको पुनरावेदनमा उच्च अदालतले पनि जिल्ला अदालतकै फैसला सदर गरेको छ ।

# मिथिला नगरपालिकामा नगर आकस्मिक स्वास्थ्य सेवा सञ्चालनमा

**खबर दर्पण समाचारदाता**
**फागुन २९ गते, ढल्केवर**




धनुषाको ढल्केवरमा नगर आकस्मिक स्वास्थ्य सेवाको उद्घाटन भएको छ। नागरिकलाई चौबिसै घण्टा आकस्मिक उपचार सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालनमा ल्याइएको नगर आकस्मिक स्वास्थ्य सेवाको उद्घाटन बुधबार मिथिला नगर पालिकाका नगरप्रमुख महेन्द्र महतो र उपप्रमुख सुनितासिंह बुढाथोकीले गर्नुभयो ।
नगरपालिकाले ढल्केबरमा अवस्थित स्वास्थ्य चौकी परिसर भित्र रहेका भवनलाई स्तरोन्नती गरी आकस्मिक स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको हो । उद्घाटनको गर्दै नगरप्रमुख महतोले आकस्मिक सेवा सुचारु भएसँगै सडक दुर्घटनाका घाइते तथा नगरवासीलाई चर्को शुल्क तिरेर उपचारका लागि निजी अस्पताल जानुपर्ने बाध्यता हट्ने बताउनुभयो ।
आकस्मिक उपचार सुविधा नहुँदा यहाँका जनताले थुप्रै समस्या झेल्दैआएको बताउँदै नगरप्रमुख महतोले नगर वासीका लागि सहज स्वास्थ्य सेवा उपलब्ध गराउन यो सेवा विस्तार गरिएको जानकारी दिनुभयो । उहाँले आकस्मिक सेवा सञ्चालनमा लागेको सम्पूर्ण खर्च नगरपालिकाको आफ्नै बजेटबाट गरिएको बताउनुभयो ।
उहाँले उपचारका लागि चाहिने स्वास्थ्य उपकरण, ल्याब मेसिन तथा जनशक्तिको व्यवस्थापन भइसकेको र एक्स-रे मेसिनलगायतका थप उपकरणको व्यवस्थापन गर्दै जाने बताउनुभयो ।
कार्यक्रममा उपप्रमुख सुनितासिंह बुढाथोकीले आकस्मिक सेवा सञ्चालनसँगै जनप्रतिनिधिको काँधमा थप जिम्मेवारी थपिएको बताउनुभयो। उहाँले कुनै पनि काम नीति नियममा रहेर गर्नुपर्ने बताउँदै काँधमा काँध मिलाएर विकासको काम गर्नुपर्ने जानकारी दिनुभयो ।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक भण्डारीले चौबिसै घण्टा खुला रहने आकस्मिक स्वास्थ्य सेवा सञ्चालनमा आएपछि आकास्मिक उपचारका लागि नीजि उपचार केन्द्रमा महङ्गो शुल्क तिर्नुपर्ने तथा २४ किलोमिटर टाढा जनकपुर जानुपर्ने बाध्यता हट्ने बताउनुभयो ।
उहाँले आकस्मिक स्वास्थ्य सेवामा दुई जना एमबीबीएस, चार जना एचए, चार जना अनमी, दुई जना स्टाप नर्स, दुई जना स्वीपर र फार्मेसीमा दुई जनालाई राखिएको जानकारी दिनुभयो । उहाँले अस्पताल हाताभित्र नगरपालिकाको आफ्नै मार्फेमी पसलसमेत रहने बताउँदै अस्पतालले नि:शुल्क उपलब्ध गराउने औषधिबाहेकको औषधि फार्मेसीबाट खरिदमा सेवाग्राहीलाई १० प्रतिशत छुटको व्यवस्था गरिएको बताउनुभयो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।
**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।
**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।
**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।
**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।
**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।
**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।
**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।
**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।
**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।
**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।
**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीबाट विभिन्न डाँका घटनामा संलग्न आरोपमा पक्राउ परेका कुख्यात डाँका जेल चलान

**खबर दर्पण समाचारदाता**

**फागुन ३० गते, बर्दिवास**

महोत्तरीबाट विभिन्न डाँका घटनामा संलग्न आरोपमा एक कुख्यात डाँका पक्राउ परेका छन् । पक्राउ पर्नेमा सर्लाही लालबन्दी नगरपालिका वडा नं. ०२ (डि)- टोल बस्ने कर्मेश्वर पासवान रहेको प्रहरीले जनाएको छ ।

उनलाई मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीको संयुक्त टोलिले पक्राउ गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीप कुमार गिरिले जानकारी दिए ।

डिएसपी गिरीका अनुसार पक्राउ परेका पासवान कातिक २० गते राति महोत्तरीको जलेश्वर नगर पालिका ८ सानो रतवाडाको डकैती घटना, असार २९ गते महोत्तरी गाउँपालिका ३ र असार २९ गते राति नै महोत्तरीकै सोनमा गाँउपालिका २ तरहारीमा भएको डकैती घटनामा संलग्न छन् । उनी यी घटनाहरु पश्चात लामोसमयदेखि फरार रहेको थिए ।



पक्राउ गरेर महोत्तरी जिल्ला अदालतमा पेश गरेको थियो । उनलाई मंगलबार जिल्ला अदालतले पुर्पक्षका लागि जलेश्वर कारागार चलान गरिएको छ ।

# कांग्रेसका औरही नगर सभापति यादवलाई पत्नी शोक

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**फागुन २९ गते, महोत्तरी**



नेपाली कांग्रेसका औरही नगर पालिका नगर सभापति युगेन्द्र यादवकी पत्नी राजकुमारी देवी यादवको निधन भएको छ ।

उनको उपचारका क्रममा मंगलवार बेलुका काठमाडौंमा निधन भएको पारिवारिक श्रोतले जनाएको छ । उनको महाराजगंजस्थित टिचिंग हस्पिटलमा उपचार भइरहेको थियो ।

कांग्रेसका प्रदेश कमिटिका सदस्य नरेन्द्र यादवले राजकुमारी देवी यादवको उपचारका क्रममा निधन भएको सामाजिक सञ्जालमार्फत जानकारी गराएका छन् । उनले राजकुमारी भाउजु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकाकुल परिवारजन प्रति समवेदना व्यक्त गरेका छन् ।

# बर्दिवास नगरपालिकाले उचाल्यो १२ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि

**गणेश कुमार सिंह**

**फागुन ४ गते, महोत्तरी**

महोत्तरी जिल्लाको जलेश्वर न.पा. ०२ स्थित जलेश्वर रंगशालामा जिल्ला खेलकुद विकास समिती महोत्तरीको आयोजनामा १२औं जिल्ला स्तरीय रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा बर्दिवास नगरपालिका प्रथम दोस्रो गौशाला नगरपालिका र तेस्रो औरही नगर पालिका भएका छन् ।

उक्त खेलकुद प्रतियोगितामा प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने र जि.खे.वि.समितिका प्रमुख सुभाष चन्द्र लाल कर्ण अध्यक्षतामा १२ औं जिल्ला स्तरीय रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम संचालन भएका थिए ।

उक्त प्रतियोगिता महोत्तरी जिल्ला अन्तरगतका ८ ओटा नगर पालिका १ ओटा गाउँ पालिकाले भगलिएका थिए लोहरपट्टि नगर पालिका गौशाला नगरपालिका ,भंगहा नगरपालिका ,पिपरा गाउँपालिका,जलेश्वर नगर पालिका ,मटिहानी नगरपालिका ,बर्दिवास नगरपालिका ,मनरा शिसवा नगरपालिका र औरही नगरपालिका का तेस्रो नगर स्तरीय प्रतियोगिता भाग लिई प्रथम ,दोस्रो भएका विद्यालयहरुलाई जिल्लाको लागि छनोट गरि पठाई आ-आफ्नो नगरपालिका/गाउँपालिका सहभागी जनाएका छन्।

१२ औं जिल्ला स्तरीय रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले ६.४५ मिटर सटपुट फ्यालेर उद्घाटन गरेका थिए ।

उक्त खेलमा सहभागी नगर पालिका खेल शिक्षक तथा शिक्षाका शाखा प्रमुख र विद्यार्थी भाइबहिनीहरुको उपस्थितिमा सटपुट,ज्यावलिङ्ग थ्रो,कवडी ,भलिबल ,एथलेटिक्स तफ १०० मिटर दौड ,२०० मिटर दौड,१५०० मिटर दौड , ४x१००रिले दौड,४x४००का रि ले दौड र ३०००मिटरको लामो दौडको ,हाईजम्प, लङ्गजम्प, तृपलजम्प, टेकान्डो, कराते आदि जस्ता खेल संचालन भएको थियो ।

स्वास्थ्य र अनुशासन रहनको लागि खेलकुद अतिनै आवश्यक भएको र आफ्नो प्रतोभा देखाउन नगर ,जिल्ला,प्रदेश केन्द्र हुदै अन्तर्राष्ट्रिय सम्म आफ्नो नाम चिन्हाउन सफल भैइन्छ भने जि.खे.वि.समितिका प्रमुख सुभाष चन्द्र लाल कर्ण बताए ।

# मोटर साइकल हरायो

मिति २०८० फागुन २९ गते तपसील विवरण भएको मोटर साइकल हराएको हुँदा भेटनु हुने महानुभावले नजिकैको प्रहरी चौकीमा खबर गरेर सहयोग गरिदिनु हुन अनुरोध छ।

इन्जिन नम्बर : G3J3EO527395

चेचिस नम्बर : ME1RG44B9L0079324

गाडी नम्बर : प्रदेश २-०२-००३प-२८३५

रंग : नेभी ब्लु

मोडल : FZS ABS

कम्पनी : यामाह

मोसा धनिको नाम : उद्धव बुढाथोकी

ठेगाना ईश्वरपुर नगरपालिका १२ घारीबथान

हराएको मिति : २०८० फागुन २९ गते बर्दिवास नगर पालिका १ स्थित चोकबाट चोरी भएको ।

सम्पर्क नम्बर : ९८६०१७०५४९


## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**लक्ष्मीनियाँ गाउँनगरपालिका,धनुषा**

## स्थानीय न्यायिक समितिको महत्व

-न्यायमा नागरिकको सहज र सरल पहुँच अभिवृद्धि गर्न ।
-विवादको शीघ्र र सरल समाधान हुने ।
-नियमित अदालतको कार्यबोझ घट्ने ।
-अदालतमा मुद्दाको चापलाई कम गर्न ।
-न्यायीक अधिकारको विकेन्द्रीकरण गर्न ।
-कम खर्च र समयमा न्याय प्रदान गर्न ।
-सामाजिक सद्भाव र सहिष्णुता बलियो बनाउन ।
-सामान्य खालका मुद्दा र विवाद स्थानीय स्तरमा टुंगो लगाउन

बन्दना पाण्डे
उपाध्यक्ष तथा
न्यायिक समिति संयोजक

**पिपरा गाउँपालिका, महोत्तरी**

## लागु पदार्थको सेवनबाट आफु पनी बचौ अरुलाई पनी बचाऔ

लागु पदार्थको सेवनबाट आफु पनी बचौ अरुलाई पनी बचाऔलागु पदार्थको सेवनबाट हुँने शारीरिक असरः- एच.आई.भि./एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने,खानामा रुचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।

SAY NO TO DRUGS

मानसिक असरः- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

मानसिक असरः- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असरः- पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढ्ने, अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागु पदार्थको कुलत त्यागौ लागु औषध बिरुद्धको अभियान सम्बृद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

**बर्दिवास नगरपालिकाको कार्यालय**
**बर्दिबास, महोत्तरी, मधेश प्रदेश**

# नवनियुक्त ३ प्रदेश प्रमुखले लिए शपथ



**खबर दर्पण समाचारदाता**

**फागुन ३० गते, बर्दिवास**

नवनियुक्त तीन प्रदेश प्रमुखले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

गत सोमबार बसेको मन्त्रिपरिषद बैठकले मधेशमा सुमित्रा सुवेदी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियालाई प्रदेश प्रमुख नियुक्ति सिफारिस गरेको थियो ।

मन्त्रिपरिषदको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरुलाई बुधबार प्रदेश प्रमुखमा नियुक्त गरेका छन् ।

उनीहरुले बुधबार नै राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिएका छन् ।

मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले मधेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, गण्डकीका पृथ्वीमान गुरुङ र सुदूर पश्चिमका देवराज जोशीलाई बुधबार नै पदमुक्त गरेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेससँगको गठबन्धन छाडेर एमालेसँग नयाँ गठबन्धन बनाएपछि विगतमा नियुक्त भएका कांग्रेस निकट प्रदेश प्रमुख हटाएर एमाले निकटका व्यक्तिहरु प्रदेश प्रमुख नियुक्त भएका हुन् ।

***छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई पनि छोरा सरह उच्च शिक्षा दिऔं ।***

# गृहले गाडीको व्यवस्था गरिदिएपछि मिटरब्याज पीडित घर फर्किए



**खबर दर्पण समाचारदाता**

**फागुन ३० गते, बर्दिवास**

गृह मन्त्रालयले गाडीको व्यवस्था गरिदिएपछि पैसा नभएर काठमाडौंमा अलपत्र परेका मिटरब्याज पीडितहरु घर फर्किएका छन् ।

अस्ति सोमबार साँझ चार बुँदे सहमति भए पनि रकम अभावमा घर फर्कन नपाएका करिब २ सय जनालाई गृह मन्त्रालयले गाडीको व्यवस्था गरिदिएको हो । सहमतिपछि पैसा हुनेहरु सोमबार राति र मंगलबार घर फर्किएका थिए ।

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता नीर्ग नवीनका अनुसार, झण्डै दुई सय जनाजति पैसा नहुँदा घर जान पाएका थिएनन् ।

मन्त्रालयबाट निर्देशन आएपछि ट्राफिक प्रहरीसँग समन्वय गरेर पीडितलाई घर फर्काउन नेपाल प्रहरीले गाडीको व्यवस्था गरिएको थियो । त्यसअनुसार ६ वटा गाडीमा पूर्व र पश्चिमका पीडितलाई पठाइएको उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेका सचिवालय सदस्य प्रमोद न्यौपानेले बताए ।

सरकारसँग गत सोमबार चार बुँदे सहमति गरेसँगै ४२ दिनपछि मिटरब्याज पीडितको आन्दोलन टुंगिएको थियो । सहमति अनुसार , पीडितको समस्याबारे जाँच गर्न नयाँ आयोग बन्दैछ । आयोगलाई तमसुक खारेजसम्मको अधिकार दिइएको छ ।


**सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।**

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन।

**नगराईन नगरपालिका, धनुषा**










खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा